# खत्याड गाँउपालिका

# स्थानिय राजपत्र

## खत्याड गाँउपालिकाद्धारा प्रकाशित

| | | |
|---|---|---|
| **खण्ड : १** | **संख्या : ९** | **मिति : २०७४/५/२७** |

# भाग १

### खत्याड गाउँपालिकाको
### खत्याड गाउँपालिकाको शेयर लगानी तथा विक्रि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४

**(खत्याड गाँउपालिकाको प्रथम गाँउसभावाट मितिः २०७४/०३/३१ मा पारित)**

**प्रस्तावना**

दिर्घकालीन तथा अल्पकालीन रुपवाट खत्याड गांउपालिकाको आन्तरिक आयमा वृद्धि, सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा प्रभावकारीता जस्ता कार्यमा गांउपालिकाको कार्यालय र यस क्षेत्रका नागरिकहरुका लागि प्रतक्ष्य/अप्रतक्ष्य लाभ हुने आयोजना/परियोजनाका क्षेत्रमा लगानी वृद्धि गर्न तथा सो का क्षेत्रमा गरिने लगानी प्रर्वद्धन गर्न कानुन वमोजिम स्थापित भएका सार्वजनिक तथा निजि कम्पनि/फर्म/सहकारी आदि का तर्फवाट जारी गरीने शेयर खरिद, लगानी तथा विक्रिका सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ उपधारा (१) वमोजिम खत्याड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

NARMIN

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम " खत्याड गाउँपालिकाको शेयर लगानी तथा विक्रि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" २०७४ रहेको छ ।

(२) यो ऐन खत्याड गाउँपालिकाको गाँउ सभाले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।
(३) यो ऐन खत्याड गाउँपालिका भर लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) "परियोजना" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा खत्याड गांउपालिकासंग सम्वन्धित प्रचलित ऐन, कानुन तथा नियमानुसार स्थापना तथा संचालनका लागि अनुमति प्राप्त परियोजना सम्झनु पर्छ ।

(ख) "संस्था" भन्नाले परियोजना कार्यान्वियन गर्न अनुमतिपत्र प्राप्त सार्वजनिक तथा निजि कम्पनि/फर्म/सहकारी सम्झनु पर्छ ।

(ग) "शेयर" भन्नाले अनुमतिपत्र प्राप्त सार्वजनिक तथा निजि कम्पनि/फर्म/सहकारीवाट संचालित परियोजनाको शेयर पुजिको विभाजित अंश भन्ने सम्झनु पर्छ ।

(घ) "शेयर प्रमाणपत्र" शेयर खरिद गर्ने व्यक्ति वा संस्थालाई सो वापत संस्थावाट दिईएको निस्सा सम्झनु पर्छ ।

(ङ) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापन गर्ने कार्य सम्झनु पर्छ ।

(च) "पूर्वाधार संरचना" भन्नाले सडक, सुरुङ्ग मार्ग, पुल, अस्पताल, नहर, विद्युत उत्पादनगृह, विद्युत प्रसारण लाइन, केबुलकार लाइन, रेल्वे लाइन, ट्रलीबस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनीस्थल, विमानस्थल, प्रदर्शनीस्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, ऊर्जा उत्पादन तथा वितरण, रङ्गशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन वा सार्वजनिक गोदामघर निर्माण सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(छ) "स्थानीय सरकार" भन्नाले खत्याड गाउँपालिकालाई सम्झनु पर्छ ।

(ज) "ऐन" भन्नाले खत्याड गाउँपालिकाको शेयर लगानी तथा विक्रि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४ सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले शेयर लगार्नी प्रबर्धन समिति भन्ने सम्झनु पर्छ ।

(ञ) “सर्वेक्षण” भन्नाले परियोजनामा लगानीका लागि गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले परियोजनाको सम्भाव्यता अध्ययन, इञ्जिनियरिङ्ग डिजाइन र त्यसको लागि गरिने अन्वेषण समेतलाई जनाउँछ ।

(ट) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तरगत बनेको नियम वा निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २
## परियोजना पहिचान तथा स्वीकृति

३. **संयुक्त शेयर लगानीमा परियोजना कार्यान्वयन गर्न सकिनेः** (१) खत्याड गांउपालिका क्षेत्रभित्र प्रचलित ऐन तथा कानुन बमोजिम संचालन हुने पूर्वाधार संरचना सम्बन्धी कुनै परियोजना संयुक्त शेयर लगानीमा कार्यान्वयन गर्न सकिनेछ ।

(२) सार्वजनिक/निजी तथा संयुक्त लगानीमा कार्यान्वयन हुने परियोजनामा देहायका विशेषताहरु संमिश्रण भएको हुनु पर्नेछः

(क) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका लागि संस्थाको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) परियोजनाको दिगो व्यवस्थापन, सञ्चालन, मर्मत संभारका सम्वन्धमा तर्कपुर्ण कार्ययोजना निर्माण भएको,

(ग) संस्थावाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(घ) परियोजनाको सम्झौता अवधि स्पष्ट भएको ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम परियोजना पहिचान गर्दा समितिको राय लिन सक्नेछ ।

४. **प्राथमिकता निर्धारण गर्नेः** (१) गाउँपालिकाले शेयर खरिद तथा लगानीका लागि कार्यान्वयन गर्न सकिने परियोजनाको प्राथमिकता निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा देहायका क्षेत्रलाई प्राथमिकतामा राख्नु पर्नेछ -

(क) कृषि क्षेत्रका पूर्वाधार जस्तै संकलन केन्द्र, शित भण्डार, कृषि सडक, हाट वजार, रोपवे आदीका क्षेत्र,

(ख) विद्युत् उत्पादन, प्रसारण र वितरण तथा अन्य प्रकारका ऊर्जा क्षेत्र,

NARMIN

(ग) फोहोरमैला ब्यवस्थापन, स्वच्छ पिउने पानी तथा सरसफाईका क्षेत्र

(घ) पर्यटन पूर्वाधारका क्षेत्र

(ङ) शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सेवाक्षेत्र संग सम्वन्धित पूर्वाधार निर्माण

५. **परियोजना स्वीकृत गराउनु पर्नेः** (१) गाउँपालिकाले कुनै परियोजनामा शेयर लगानी गर्न उपयुक्त ठानेमा कार्यपालिकावाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा गाउँपालिकाले सम्वन्धित विषय विज्ञ वा प्राविधिकसंग परामर्श गर्नुपर्नेछ ।

६. **शेयर खरिद तथा लगानीका लागि परियोजना स्वीकृतीका आधारहरुः** (१) देहायका आधारहरुमा गांउपालिकाले शेयर खरिद तथा लगानीका विषयमा परियोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गर्न सक्नेछ ।

(क) संस्थाले गर्ने ब्यवसायसँग सम्बन्धित ऐन, नियम तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको र सोही दायराभित्र रही आफ्नो कारोबार गरिरहेको, संस्थाका सञ्चालकहरु प्रचलित नेपाल कानूनमा भएको ब्यवस्था अनुसार कालोसूचीमा समावेश नपरेको, संस्थाले कानुन वमोजिम सम्वन्धित निकायमा बुझाउनु पर्ने सम्पूर्ण दायित्व नियमित वुझाएको वा नियमित आर्थिक लेखापरिक्षण गरेको देखिएको हुनुपर्नेछ ।

(ख) स्थानीय सरकारले त्यस्तो परियोजनको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) परियोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) परियोजना आर्थिक रुपमा सम्भाव्य भएको,

(घ) स्थानीय सरकार र निजी निकायबीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको । -

(ग) परियोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी क्षेत्रले वहन गर्न सक्ने भूमिका भएको,

(ङ) उपभोक्ता तथा समूदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(झ) परियोजनाको निश्चित समयावधि र सो समयवधिमा वित्तीय संस्था तथा लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

## परिच्छेद-३
## शेयर लगानी प्रतिफल सुनिश्चितताका आधार

७. **परियोजनाको शेयर लगानी प्रतिफल सुनिश्चितताका आधार उपलव्ध गराउनु पर्ने :** शेयर लगानी पुर्व संस्थाको तर्फवाट तपशिल वमोजिम **शेयर लगानी प्रतिफल सुनिश्चितताका आधार उपलव्ध गराउनु** पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति, (ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा, (घ) अनुमतिपत्रको अवधि,

(ङ) जोखिमको बाँडफाँड र परियोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादनका मूल्यांकनका वस्तुगत आधार र मापदण्ड

(च) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(ज) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(झ) परियोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरु,

(ञ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ट) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ठ) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ड) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ण) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

## परिच्छेद-४
## शेयर विक्रि सम्वन्धमा

८. **सामान्य अवस्थामा विक्रि गर्न नहुने:** (१) परियोजनामा लगानी गरिएको शेयर सामान्य अवस्थामा विक्रि गर्न पाईने छैन ।

NARMIN

(२) उपदफा (१) मा जे लेखिएको भएतापनि कुनै विशिष्ट कारणवश परियोजनामा लगानी गरिएको शेयर विक्रि गर्नु परेमा कार्यापालिकाको निर्णयानुसार शेयर संख्या र औचित्यताका आधारमा सार्वजनिक सुचना गरी वोलकवोल वा गोप्य सिलवन्धि टेण्डरका माध्यमवाट प्रचलित कानुन विपरित नहुने गरी विक्रि गर्न सकिनेछ ।

## परिच्छेद-५
## संस्थाका केही अवशिष्ट अधिकार तथा सुविधा

९. **शुल्क उठाउन पाउने :** संस्थाले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग शुल्क उठाउन सक्नेछ ।

१०. **घर जग्गा आदिमा प्रवेश गर्न सक्ने :** (१) परियोजना कार्यान्वयनको सिलसिलामा संस्थाले व्यक्तिले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न वाली वा हुर्केका रुख विरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त संस्थाले सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नु पर्नेछ ।

११. **परियोजनाको सुरक्षा गर्न सक्ने :** (१) परियोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त संस्थाले आफैले गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले विशेष कारण देखाई परियोजनाको खास किसिमको सुरक्षाको लागि गांउपालिकासँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्ने गरी त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न गांउपालिकाले परियोजनाको सुरक्षाको लागि प्रदेश वा संघीय सरकारसँग अनुरोध गर्ने छ ।

१२. **सहयोग उपलब्ध गराउनु पर्ने :** (१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा संस्थाले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त संस्था स्वयम्ले व्यहोर्ने गरी कार्यपालिका आफैँले

त्यस्तो सहयोग उपलब्ध गराउन वा गांउपालिकाको सम्बन्धित निकायलाई त्यस्तो सहयोग उपलब्ध गराउन लेखि पठाउन सक्नेछ ।

१३. **विदेशी विनिमयको सुविधा :** परियोजनाको कार्यान्वयनको लागि ऋृण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्संस्थालाई त्यस्तो ऋृणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम गांउपालिकाले प्रदेश वा संघीय सरकारसँग अनुरोध गर्ने छ ।

१४. **विष्फोटक पदार्थको प्रयोग :** परियोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा संस्थाको अनुरोधमा गांउपालिकाले संघीय, प्रदेश सरकार वा सम्बन्धीत निकायसँग अनुरोध गर्ने छ ।

१५. **कानून बमोजिमको सुविधा पाउने :** यस ऐन बमोजिम परियोजनाका लागि गरिएको शेयर लगानी वाफत गांउपालिकाले संस्थावाट नेपाल सरकार, प्रदेश सरकार वा अन्य प्रचलित कानून बमोजिम शेयर सदस्यले पाउने सम्पूर्ण हक, संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ ।

१६. **सेवा सुविधाका शर्त तोक्न सक्ने :** (१) अनुमतिपत्र प्राप्त संस्थाले आफ्ना शेयर सदस्य तथा अन्य उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौता वा नेपाल सरकारका अन्य प्रचलित कानुनको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद-६
## लगानी सम्बन्धी व्यवस्था

१७. **अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्ने :** (१) सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक परियोजना कार्यान्वयन गर्न आवश्यक लगानीको व्यवस्था अनुमतिपत्र प्राप्त संस्थाले गर्नुपर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले परियोजना अन्तर्गतको घर, जग्गा वा मुख्य मेशिन उपकरण धितो राखी ऋृण लिँदा गांउपालिकाको कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

१८. **अन्य व्यक्तिसँग सम्झौता गर्न नहुनेः** (१) संस्थाले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट पन्छिने गरी परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा परियोजना बमोजिमको कुनै

NARMIN

काम अन्य कुनै व्यक्ति वा संस्थावाट गराउने गरी अन्य व्यक्ति वा संस्थासंग सम्झौता गर्न गराउन पाउनेछैन ।

(२) उपदफा (१) बमोजिम संस्थाले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि गांउपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-७
## समितिको गठन सम्बन्धी व्यवस्था

१९. **समितिको गठन :** (१) पूर्वाधार विकास र निर्माणमा शेयर लगानी परिचालनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न देहायको शेयर लगार्नी प्रबर्धन समिति गठन हुने छ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | -अध्यक्ष |
| (घ)) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| (छ) प्राविधिक शाखा प्रमुख | -सदस्य सचिव |

(३) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेष ज्ञान हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

२०. **परियोजनाको अनुगमन गर्न सक्ने:** (१) गांउपालिका आफै वा दफा (४६) वमोजिम गठित समितिले परियोजना कार्यान्वयनको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना अनुगमन गर्ने सिलसिलामा गांउपालिका वा दफा (४६) वमोजिम गठितस मितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद-८
## विविध

२१. **विवादको समाधान:** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा गाउँपालिका र अनुमतिपत्र प्राप्त संस्थाबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गर्नु पर्नेछ ।

२२. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था :** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा यो ऐन वा ऐन अन्तरगत बनेको नियम वा प्रचलित अन्य नियम विपरीत कुनै काम गरेबाट गांउपालिकालाई कुनै हानि

NARMIN

नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिब रकम सो काम गर्ने संस्थाले गांउपालिकालाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति लिने दिने सम्वन्धमा शेयर लगानीका अतिरिक्त थप सम्झौता समेत स्वीकृतीका लागि स्वीकार नगरेको अवस्थामा उक्त संस्था र परियोजनाको को शेयर खरिद तथा लगानी गर्न गांउपालिका वाध्य हुने छैन ।

(३) उपदफा (१) बमोजिम हानि नोक्सानी बापतको मनासिब रकम क्षतिपूर्ति बापत लिने दिने सम्वन्धका शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

२३. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :** अनुमतिपत्र प्राप्त संस्थाले परियोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

२४. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२५. **कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समिति वा कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

आज्ञाले,
मणिचन्द्र कार्की
कार्यकारी अधिकृत

NARMIN